नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

बबरमहल, काठमाडौं
प्रशासन शाखा

०१-४१००२२३
बबरमहल, काठमाण्डौ

पत्र संख्या ०८१/८२
च.नं. २७१.

मितिः २०८१/५/१९

बिषयः अनाबश्यक रिफर सम्बन्धमा

श्री सेवा प्रदायक स्वास्थ्य संस्था तथा अस्पतालहरु
स्वास्थ्य बीमा कार्यक्रम संचालन/आवद्ध भएका सबै

स्वास्थ्य बीमा बोर्डसँग सम्झौता गरी सेवा प्रदान गरिरहेका स्वास्थ्य संस्था, अस्पताल तथा चिकित्सकहरुले आफ्नो संस्थामा सेवा पर्याप्त हुदाहुदै पनि स्वास्थ्य बीमा ऐन २०७४, नियमावली २०७५, रिफरल कार्यबिधी २०८०, कार्यान्वयनमा रहेको सुबिधा थैली, दाबी समिक्षा निर्देशिका (पहिलो संसोधन) २०८१ र रियल टाईम कार्यबिधी २०८० बिपरित हुनेगरी कतिपय बिरामीलाई निजी/सामुदायिक अस्पतालमा चिकित्सक सेवाको आचरण बिपरित (बिबेक सम्मत नहुने गरी) अनाबश्यक रुपमा रेफर गरेको पाईएकोले अब उप्रान्त आफ्नो संस्थामा भईरहेको सेवालाई नजर अन्दाज गरी रिफर नगर्न, गर्नु परेमा अनिबार्य रुपमा कारण खुलाएर मात्र गर्न र अनाबश्यक रिफर गरेको पाईएमा दाबी मुल्यांकन तथा रुजु गर्दा त्यस्तो रकम शोधभर्ना नगरिने व्यहोरा समेत निर्णय अनुशार अनुरोध छ ।

(बाबुराम खनाल)
उपसचिव

बोधार्थ तथा कार्यार्थ
श्री दाबी ब्यबस्थापन शाखाः उपरोक्त अनुसार हुन र प्रत्येक संस्थाको अभिलेख राख्न ।
श्री सुचना प्रबिधी शाखाः सबै स्वास्थ्य संस्था तथा अस्पतालहरुमा प्रेषित गरी वेबसाईट अपलोड हुन ।
श्री नीति योजना शाखाः अभिलेख ब्यबस्थापन हुन ।